# कक्षा दशको नेपाली पाठ्यपुस्तकमा समावेशिता
# Inclusion in Grade 10 Nepali Textbook

लक्ष्मी आचार्य[1]

[1]उपप्राध्यापक
यज्ञोदय दुधनाथ बहुमुखी क्याम्पस
त्रिभुवन विश्वविद्यालय
रुपन्देही, नेपाल
**Email**
laxmiacharya@gmail.com

प्रकाशन : २०८२ असार
Publish: 2025 june

Doi: https://doi.org/10.3126/bns.v28i1.76208

This is an open access article distributed under the terms and conditions of the Creative Commons Attribution (CC BY NC)
https://creativecommons.org/licenses/by/4.0
© 2025 by the author

**Journal**
विकासको निम्ति शिक्षा
Bikashko Nimti Shiksha
**ISSN:** 2616-0188 (Print)
3021-954X (Online)
**website:** https://www.nepjol.info/index.php/bns

**Published By**
Research Centre for Educational Innovation and Development (CERID)
http://cerid.tu.edu.np

## लेखसार

विद्यार्थीहरूमा भाषिक सिप विकास तथा विषयवस्तुप्रति धारणा निर्माण गर्न पाठ्यपुस्तक महत्त्वपूर्ण सामग्रीका रूपमा रहेको हुन्छ । प्रस्तुत अध्ययन कक्षा दशको नेपाली पाठ्यपुस्तकमा समावेशिताका विषयमा आधारित छ । कक्षा दशको नेपाली विषयको विषयवस्तुलाई समावेशिताका दृष्टिले अध्ययन विश्लेषण गर्नु र त्यसप्रति भाषा शिक्षकको दृष्टिकोण पहिल्याउनु यस अध्ययनको उद्देश्य रहेको छ । गुणात्मक ढाँचामा रहेको यस अध्ययनमा व्याख्यात्मक विधिलाई आधार बनाइएको छ । पाठ्यपुस्तकमा समाविष्ट विषयवस्तुको अध्ययनका लागि प्राथमिक सामग्री सङ्कलनको मुख्य स्रोतका रूपमा हालको कक्षा दशको नेपाली पाठ्यपुस्तक र उक्त पाठ्यपुस्तकप्रति भाषाशिक्षकको दृष्टिकोण समेतलाई अध्ययनमा समेट्नका लागि प्रतिनिधिमूलक ढङ्गले आठजना भाषा शिक्षकका अनुभवलाई अन्तर्वार्ताका माध्यमबाट अध्ययनमा समावेश गरिएको छ । पाठ्यपुस्तकमा जातिगत, धर्म संस्कृतिगत, भाषागत, पात्रगत, चित्रगत, अभ्यासगत तथा अन्तरसांस्कृतिक घुलनशीलताका दृष्टिले समावेशिताको अध्ययन गर्दा साहित्यिक तथा साहित्येतर विधामध्ये कथा र एकाङ्कीका पाठमा समावेशितालाई आत्मसात गरेको देखिँदैन । पाठ्यपुस्तक लेखकद्वारा तयार पारिएका सामग्रीहरूमा लैङ्गिक, जातिगत समावेशितालाई सम्बोधन गरेको देखिन्छ । विवेच्य पाठ्यपुस्तकले हिन्दु धर्म र संस्कृति तथा पुरुषसत्तात्मक समाजलाई बढी मात्रामा केन्द्रीकृत गरेको छ । पाठमा राखिएका चित्रहरूका माध्यमबाट समावेशितालाई अवलम्बन गर्न खोज्दा पाठभन्दा भिन्न धारणा सङ्केत गरेको देखिन्छ । मूलपाठका तुलनामा अभ्यास खण्डमा समावेशी अवधारणालाई आत्मसात गरेको देखिन्छ ।

***शब्दकुञ्जी :*** भाषा, लैङ्गिकता, विषयवस्तु, संस्कृति, समावेशिता

**How to cite this article (APA)**

**English :** Acharya, L. (2025). Inclusion in grade 10 Nepali textbook. *Bikashko Nimti, Shiksha. 28*(1), 83-100 https://doi.org/10.3126/bns.v28i1.76208

**नेपाली :** आचार्य, लक्ष्मी (२०८२), कक्षा १० को पाठ्यपुस्तकमा समावेशिता, *विकासको निम्ति शिक्षा,* २८(१), ८३-१०० । https://doi.org/10.3126/bns.v28i1.76208

**Abstract**

Textbooks are important materials for developing language skills and building understanding of the subject matter in students. The present study is based on the topic of inclusiveness in the Nepali textbook of class 10. The objective of this study is to analyze the content of the Nepali textbook from the perspective of inclusiveness and to find out language teachers' views on it. This study, which builds on a qualitative design, is based on the descriptive method. The currently implemented Nepali textbook of class 10 as the main source of primary information collection for the study of the contents included in the textbook and the experiences of eight language teachers in a representative manner have been included in the study through interviews in order to include the perspective of the teachers towards the textbook. When studying inclusivity in the textbook in terms of ethnicity, religion, culture, language, character, image, practice, and intercultural solubility, it is not seen that, of the literary and non-literary genres, inclusivity has been assimilated in the stories and the one-act plays. It is seen that gender and caste inclusivity are addressed in the contents prepared by the textbook author. The textbook has centralized itself at Hindu religion and culture and patriarchal society to a greater extent. When trying to adopt inclusivity through the images included in the text, they seem to indicate a different concept than the text. Compared to the main text, the concept of inclusion is assimilated in the practice section.

***Keywords:*** Language, gender, theme, culture, inclusion

## विषय प्रवेश

सम्पूर्ण बालबालिकाका लागि विभेदरहित वातावरणमा बहुसांस्कृतिक भिन्नतालाई सम्मान गर्दै आफ्नै समुदायमा जीवनपयोगी शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्ने शैक्षिक पद्धति समावेशी शिक्षा मानिएको छ । बालबालिकाहरूमा कुनै न कुनै किसिमको सक्षमता हुन्छ । सबै बालबालिकाहरूले अवसर पाएमा सिक्न सक्दछन् भन्ने समावेशी शिक्षाको मान्यता रहेको छ । समावेशी शिक्षा पद्धतिले राष्ट्रिय एवम् स्थानीय तहमा कुनै पनि परिस्थिति तथा कारणले शैक्षिक अवसरबाट वञ्चित रहेका तथा विद्यालयमा रहेर पनि आवश्यकताअनुकूल उपयुक्त वातावरण र सहयोगको अभावमा विद्यालय छोड्ने अवस्थामा पुगेका बालबालिकाको पहिचान गर्दछ । यसले सम्पूर्ण बालबालिकाको सामाजिक, सांस्कृतिक र शैक्षिक आवश्यकता अनुकूलको सिकाइलाई जोड दिन्छ । समावेशी शिक्षा वर्तमानको माग र आवश्यकता हो । समाजमा बसोबास गर्ने विविध आवश्यकता तथा मानसिकता, दक्षता, फरक क्षमता, भाषिक कठिनाइपूर्ण जीवनयापन गर्न बाध्य बालबालिकाहरूका लागि ससम्मान शिक्षाको मूलधारमा समाहित गर्नुपर्ने राज्यको नीति रहेको छ । राष्ट्रिय पाठ्यक्रम प्रारूप (२०७६) मा पाठ्यक्रम सम्बद्ध समसामयिक पक्षअन्तर्गत मूल्य र मान्यतामा आधारित शिक्षाका सन्दर्भमा शिक्षाले असल व्यक्ति र असल संस्कारयुक्त नागरिक विकासमा सहयोग गर्नुपर्छ भन्ने धारणा अगाडि सारिएको छ । त्यसका लागि पाठ्यक्रम, पाठ्यपुस्तक तथा पाठ्यसामग्रीका माध्यमबाट विद्यार्थीहरूमा स्थानान्तरणीय सिप विकास गर्न गराउनु आवश्यक ठानिन्छ । कक्षाकोठामा उपस्थित भिन्न समुदाय, वर्ग, लिङ्गका विद्यार्थीहरूमा समालोचनात्मक सोचाइ, समस्या समाधान, बहस, द्वन्द्व समाधानका सिप सिकाउने

अपेक्षा राखिनुपर्छ । स्थानीय परिवेशसँग सान्दर्भिक र सहकार्यतर्फ उन्मुख अन्तरविधात्मक शैक्षिक क्रियाकलापबाट विद्यार्थीको क्रियाकलापबाट सिप विकास गराउन सकिन्छ । जर्मनीले सन् १९९९ र २००४ का बिचमा सञ्चालन गरेको सहभागितात्मक सिकाइ र दिगो विकासका लागि सहकार्य गर्ने प्रवर्तनात्मक परियोजना लागु भएपश्चात यस्ता कार्यक्रमका सहभागीहरूमा स्थानान्तरणीय सिप हासिल भएको देखिएको छ (सबैका लागि शिक्षाको विश्वव्यापी अनुगमन प्रतिवेदन २०१३/४पृ.४९) । तसर्थ शिक्षाका माध्यमबाट शारीरिक र मानसिक फरकपन, भाषा, संस्कृति, सामाजिक संरचना आदिका कारण भिन्न रहेका बालबालिकालाई सबै नागरिकसरह गुणस्तरीय शिक्षा प्रदान गर्ने उद्देश्यले समावेशी शिक्षालाई लिनुपर्ने देखिन्छ ।

नेपालका सन्दर्भमा वि.सं. २०५९ मा बालिका /महिला, अपाङ्गता भएका बालबालिका, दलित बालबालिका, सडक बालबालिका, द्वन्द्वपीडित बालबालिका, बेचविखनबाट तथा यौन शोषणबाट पीडित बालबालिका, असहाय अनाथ बालबालिका, गरिबीले समस्याग्रस्त बालबालिका, रोगग्रस्त बालबालिका, कमैया तथा बधुवा मजदुर बालबालिका, जनजाति बालबालिका, श्रमिक बालबालिका, जेलमा परेका बालबालिकालाई थप सहयोग उपलब्ध गराउनुपर्ने वर्गका रूपमा पहिचान गरिएको थियो । यसरी पहिचान गरिएका बालबालिकालाई थप सहयोग प्रदान गरी शिक्षाको मूलधारमा ल्याउँदा राज्यदेखि विद्यालयका कक्षाकोठासम्म बालबालिकालाई सम्मानजनक समावेशी पहुँच सुनिश्चितताका लागि प्रयास गर्नुपर्छ । 'नेपालको परिप्रेक्ष्यमा बहुभाषिक कक्षाकोठामा शिक्षण गर्ने शिक्षक त्यहाँका कक्षाकोठा, बालबालिकाको लिङ्ग, जात, भाषा, धर्म तथा फरक क्षमता भएका विद्यार्थीहरूलाई शिक्षकले समावेशी शिक्षाका मान्यताअनुसार नै व्यवस्थापन गर्न आवश्यक हुन्छ' (आचार्य, सन् २०२३) । नेपाल सरकार शिक्षामन्त्रालयले जारी गरेको एकीकृत समता रणनीति सन् २०१४ ले सामाजिक, आर्थिक अवस्था, लैंङ्गिकता, अपाङ्गता, भौगोलिक अवस्था, जातीयता, स्वास्थ्य, पोषणको अवस्था, भाषा र सीमान्तकृत समूह गरी आठवटा पक्ष पहिचान गरी सहयोगात्मक कार्य नीति अगाडि सारेको छ ।

नेपालको शिक्षाको इतिहासमा राट्रिय शिक्षा पद्धति योजना २०२८ को कार्यान्वयन सँगै शिक्षा क्षेत्रमा परिवर्तन आएको देख्न सकिन्छ । त्यसको प्रतिफल पाठ्यपुस्तक निर्माणमा वैज्ञानिकता र सचेतता अपनाउँदै संस्थागत लेखन कार्यलाई अगाडि बढाएको देखिन्छ । त्यसैले हाल देशमा आएका राजनैतिक परिवर्तन, विश्वमा देखा परेका नवीनतम् चिन्तन र ज्ञानको स्वरूपलाई विद्यार्थीसामु सम्प्रेषण गर्ने किसिमका पाठ्यपुस्तकहरू निर्माण गर्न थालिएको देखिन्छ । वि.सं. २०२८ पूर्वका पाठ्यपुस्तकका तुलनामा वर्तमान समयसम्म आइपुग्दा पाठ्यपुस्तकमा प्रयुक्त विषयवस्तुमा पाठ्यक्रमअनुरूप विविधता, समावेशी अवधारणाको उपयोग, अभ्यासगत विविधिता, समसामयिक विषयको प्रस्तुति जस्ता गुण पाइन्छन् (घिमिरे,२०७६) । यस्ता गुणबाट निर्मित पाठ्यपुस्तकलाई उपयोग गरिरहेका विद्यार्थी तथा भाषा शिक्षकहरूको अनुभवलाई समेटेर नेपाली भाषा पाठ्यक्रमलाई अझ बढी सबल र सक्षम बनाउँदै भाषा पाठ्यपुस्तक निर्माण गरिएको देखिन्छ ।

भाषा पाठ्यपुस्तकको केन्द्रीय पक्ष त्यसमा समाविष्ट विषयवस्तु हो । पाठयपुस्तकको मेरुदण्डका रूपमा रहेको विषयवस्तुकै माध्यमबाट पाठ्यक्रमका अपेक्षा पूरा गर्न मदत पुग्ने हुनाले पाठ्यपुस्तकमा विषयवस्तुको महत्त्वपूर्ण भूमिका रहन्छ । भाषिक सिपसँगै साहित्यक र साहित्येतर विषयका माध्यमबाट

विद्यार्थीमा भाषिक शैली सौन्दर्यको विकास गर्न सक्ने साथै विषयवस्तु सूचनात्मक, अभ्यासमूलक हुनुपर्छ। धार्मिक सहिष्णुता र सौहार्दतालाई प्रोत्साहन दिने लैङ्गिक समानता र अस्तित्वलाई बढावा दिँदै सबै किसिमका बालबालिकालाई सम्मानपूर्वक सहभागिताको अवसर प्रदान गर्ने किसिमका विषयवस्तु पाठ्यपुस्तकमा समेट्न जरुरी हुन्छ। त्यससँगै माध्यमिक तहका पाठ्यपुस्तक सूचनात्मक, अभ्यासमूलक हुनाका साथै धार्मिक सहिष्णुता र सौहार्दतालाई प्रोत्साहन दिँदै लैङ्गिक समानता र अस्तित्वका साथ सम्मानपूर्ण सहभागिताको अवसर प्रदान गर्ने किसिमको हुनुपर्छ (आचार्य, सन् २०२४) । त्यसैले पाठ्यपुस्तकमा समाविष्ट विषयवस्तुले इतिहास, पुराण, धर्मसंस्कृति, विज्ञान प्रविधिलाई समेट्नुका साथै परिवर्तित समयमा विश्वमा देखिएका शिक्षाका नवीनतम् आयामहरूलाई समेत वहन गर्न सक्ने हुनुपर्छ ।

पाठ्यपुस्तकका माध्यमबाट प्रेषित सामग्रीबाट विद्यार्थीहरूमा भाषिक धारणासँगै लिङ्ग, जाति र वर्गगत धारणाहरू निर्माण भइरहेका हुन्छन्। विद्यार्थीमा भाषिक सिपका साथै विषयवस्तुगत ज्ञान पनि अपरिहार्य रहन्छ। पाठ्यपुस्तकका माध्यमबाट प्रेषित सामग्रीबाट विद्यार्थीहरूमा भाषिक सिप सिकाउनु मुख्य उद्देश्य रहेको हुनाले लेखकीय समावेशिता, जातिगत समावेशिताका वर्तमान सन्दर्भमा पर्याप्त हुन नसक्ने पनि देखिन्छ। विभिन्न जातजातिको सामाजिक अवस्थालाई आधार बनाएर हेर्दा सम्पूर्ण जातिमा वर्तमान समयमा लेखकीय क्षमताको अभाव पनि देखिन सक्ने स्थिति रहेको छ । त्यसैले पाठ्यपुस्तकमा समाविष्ट विधागत पाठ्यसामग्रीलाई सामाजिक र जातीय सद्भाव, समावेशिता, विशेष क्षमता तथा फरक क्षमता भएका विद्यार्थीहरूमा दृष्टि पुऱ्याई पाठ्यपुस्तकको अध्ययन गरिएको छ । नेपालमा समावेशीको अवधारणा आइसकेपश्चात माध्यमिक तह कक्षा दशको नेपाली भाषा पाठ्यपुस्तक निर्माण गरिएको छ। यसै सन्दर्भमा समावेशिताका दृष्टिले कक्षा दशको पाठ्यपुस्तक कस्तो रहेको छ ? पाठ्यपुस्तकभित्र रहेका विषयवस्तुमा समावेशितालाई कसरी सम्बोधन गरिएको छ ? समावेशिताका आधारमा विश्लेषण गर्दा पाठ्यपुस्तकभित्र के कस्ता पर्याप्तता अपर्याप्तता रहेका छन् ? कक्षा दशको नेपाली पाठ्यपुस्तकप्रति भाषा शिक्षकको दृष्टिकोण कस्तो रहेको छ ? भनेर कक्षा दशको वर्तमान नेपाली पाठ्यपुस्तकको अध्ययन विश्लेषण गर्दै विषयवस्तुका क्षेत्रमा रहेका कमजोरीहरूलाई सुधार गर्दै भाषा शिक्षणलाई समय सान्दर्भिक, व्यवस्थित र उद्देश्यपूर्ण तुल्याउन सुझाव दिनु यस अध्ययनको उद्देश्य रहेको छ।

## अध्ययनविधि

यस अध्ययनलाई सम्पन्न गर्न गुणात्मक ढाँचामा व्याख्यात्मक विधिलाई आधार मानेर अनुसन्धान कार्य अगाडि बढाइएको छ। पाठ्यपुस्तकमा समाविष्ट विषयवस्तुमा रहेका पाठ्यसामग्री, चित्र, अभ्यासहरूमा समावेशीकरणको अवस्थालाई विश्लेषण गरिएको छ । वर्तमान समयमा समावेशी अवधारणाअनुरूप निर्माण भएका पाठ्यपुस्तक र त्यसप्रति भाषाशिक्षकको दृष्टिकोण समेतलाई अध्ययनमा समेटिएको छ । डेन्जिन र लिङ्कन (सन् २०११) का अनुसार व्याख्यात्मक प्रक्रियालाई बहुआयामिक ढङ्गबाट अध्ययन गर्ने अनुसन्धानका आयामलाई व्याख्यात्मक आयाम मानिएको छ। प्रस्तुत अनुसन्धानमा गुणमा आधारित सामग्री सङ्कलन गरिएको छ। माध्यमिक तहको पाठ्यक्रममा आधारित रही कक्षा र १० को पाठ्यपुस्तकलाई सामग्री सङ्कलनको मुख्य स्रोतका रूपमा लिइएको छ। पाठ्यपुस्तकभित्रका पाठ्यसामग्री (विषयवस्तु)लाई सामग्री पुनरावलोकनका आधारमा विश्लेषण गरिएको छ । उक्त पाठ्यपुस्तकप्रतिको

दृष्टिकोण पत्ता लगाउनका लागि महिला चार र पुरुष चार गरी प्रतिनिधिमूलक ढङ्गले आठजना भाषा शिक्षकलाई अध्ययनमा समावेश गरिएको छ । सहभागी भाषा शिक्षकहरूको पाठ्यपुस्तकका विषयवस्तु सम्बद्ध अनुभवलाई लिन अन्तर्वार्ता र खुला प्रश्नावलीलाई उपयोग गरिएको छ ।

## नतिजा तथा छलफल

प्रस्तुत पाठ्यपुस्तक नेपाली (२०८०) नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र सानोठिमी भक्तपुरबाट प्रकाशित पाठ्यपुस्तक हो । यसको लेखन प्रा.डा. ऋषिराम शर्मा, डा. दिनेश घिमिरे र श्री उमेश काफ्लेद्वारा गरिएको हो । यस पुस्तकको वि.सं. २०८० को संस्करणलाई अध्ययनका लागि छनोट गरिएको छ। माध्यमिक शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ को मार्गदर्शन सिद्धान्तअनुरूप विकास भएको माध्यमिक शिक्षा (कक्षा ९-१०) को पाठ्यक्रम अनुसार तयार पारिएको यस पाठ्यपुस्तकलाई देशका विभिन्न विद्यालयमा परीक्षण गरी प्राप्त पृष्ठपोषणसमेत समायोजन गरी देशभर लागु गरिएको छ । यसमा रहेको विषयवस्तुलाई समावेशिताका विभिन्न आधारमा विश्लेषण गरिएको छ ।

### विधागत विविधता

प्रस्तुत पुस्तकमा रहेका पाठहरूमा विधागत विविधताालाई ख्याल गरिएको देखिन्छ । यसमा पाठ्यक्रमले निर्देशन गरेबमोजिमका कविता, कथा, निबन्ध, रूपक, चिठी, जीवनी आदि विधाका विविधतामय पाठहरू रहेका छन् । भाषा पाठ्यपुस्तकमा भाषाका विविध स्वरूप शिक्षणका लागि पाठ्यपुस्तकमा विधागत विविधता आवश्यक हुन्छ । यस दृष्टिकोणले हेर्दा पाठ्यपुस्तकमा ३ ओटा कविता, ४ ओटा कथा, ३ ओटा निबन्ध, ३ ओटा रूपक, १ ओटा व्यावहारिक लेखन, २ ओटा जीवनी गरी जम्मा १६ ओटा पाठ र परिशिष्टमा सुनाइ सिप विकासका लागि सुनाइ पाठलाई पनि विधागत विविधता अनुरूप व्यवस्था गरिएको देखिन्छ ।

यस पाठ्यपुस्तकभित्र कविताअन्तर्गत छन्दोबद्ध लोकलय, गीतिलय र मुक्त लयमा आबद्ध कविता समावेश गरिएको देखिन्छ । पाठ्यक्रमअनुरूप नै पाठ्यपुस्तकमा विधालाई उपयोग गरिएको छ । पाठ्यक्रमको निर्देशनबमोजिम उज्यालो यात्रा छन्दोबद्ध, नेपाली हाम्रो श्रम र सिप गीतिलय र गाउँमाथि एउटा कविता मुक्त लयमा आबद्ध छन् ।

कथा विधाका लागि पाठ्यक्रमले ऐतिहासिक/पौराणिक, मनोवैज्ञानिक र सामाजिक गरी ४ ओटा क्षेत्र निर्धारण गरेको छ । यस पाठ्यपुस्तकमा ऐतिहासिक कथाका रूपमा घरझगडा, मनोवैज्ञानिक कथाका रूपमा शत्रु, सामाजिक कथाका रूपमा कर्तव्य र आयाम रहेका छन् । पाठ्यक्रम अनुरूपताका दृष्टिले कथाको स्तरण पक्ष उपयुक्त देखिन्छ । घरझगडा कथा एकालापीय संवादको बाहुल्यताले गर्दा विद्यार्थीहरूका लागि त्यति बोधगम्य हुन नसकेको प्रत्याभूति हुन्छ भने अन्य कथाले समसामयिक विषयवस्तुलाई उठान गरेको देखिन्छ ।

निबन्ध विधाअन्तर्गत यस पुस्तकमा र तीनओटा पाठहरू रहेका छन् । पाठ्यक्रमले निबन्ध विधालाई वस्तुपरक तथा आत्मपरक, चिकित्सा, कानुन, शिक्षा, हास्यव्यङ्ग्य जस्ता क्षेत्रबाट छनोट गर्नका लागि

निर्देश गरेको देखिन्छ। सोही बमोजिम चिकित्साविज्ञान र आयुर्वेद चिकित्सा शीर्षकमा वस्तुपरक निबन्ध रहेको छ । शिक्षा क्षेत्रबाट प्रतिनिधित्व हुने गरी आत्मपरक निबन्ध मेरो देशको शिक्षा, हास्यव्यङ्ग्य निबन्धमा पख्नोस् निबन्धलाई समावेश गरिएको देखिन्छ ।

यस पाठ्यपुस्तकमा पाठ्यक्रमले निर्देश गरेबमोजिम रूपक विधाका ३ ओटा पाठहरू छनोट गरिएको छ । ती पाठहरूमध्ये मनोवादका रूपमा यस्तो कहिल्यै नहोस्, वादविवाद अधिकार ठूलो कि कर्तव्य ठुलो ? रहेको छ भने पाठ्यक्रमले निर्देश गरे बमोजिम सांस्कृतिक/सामाजिक क्षेत्रको प्रतिनिधित्व गर्ने एकाङ्की घरको माया राखिएको छ ।

जीवनी विधाअर्न्तगत राष्ट्रिय, अन्तर्राष्ट्रिय क्षेत्र मध्येबाट एक एक गरी जम्मा २ ओटा पाठहरू निर्धारण गरिएको छ । जसमध्ये राष्ट्रिय जीवनीमा नेपाली साहित्यको क्षेत्रबाट लक्ष्मीप्रसाद देवकोटा र अन्तर्राष्ट्रिय जीवनीमा कला तथा साहित्यको क्षेत्रबाट पाब्लो पिकासो राखिएको छ । जीवनी विधाले राष्ट्रिय अन्तर्राष्ट्रिय दुवै क्षेत्रलाई समेट्न सके पनि दुवै जीवनी साहित्य र कला क्षेत्रसँग सम्बन्धित रहेको हुनाले आविष्कारक, विचारक आदि क्षेत्रलाई समेट्न सकेको देखिँदैन ।

यस पाठ्यक्रमले व्यवहारिक लेखनअन्तर्गत चिठी विधाका लागि एउटा पाठ निर्धारण गरेको छ । त्यसमा व्यावसायिक चिठीलाई छनोट गरिएको छ। यसरी हेर्दा यस पाठ्यपुस्तकमा पाठ्यक्रमले निर्देश गरेबमोजिमका विधालाई छनोट गरी विधागत विविधता कायम राखेको देखिन्छ।

## समावेशिताका आधार

यस अध्ययनमा नेपाली कक्षा १० (२०८०) का पाठ्यपुस्तकमा समाविष्ट विषयवस्तुको संयोजनलाई जातिगत संयोजन, धार्मिक र सांस्कृतिक संयोजन, पात्रगत संयोजन, चित्रगत संयोजन, अभ्यासगत संयोजन तथा अन्तरसांस्कृतिक घुलनशीलता गरी पाँच ओटा मापदण्डमा परीसिमित पाठ्यपुस्तकमा रहेका कविता, कथा, निबन्ध, जीवनी, रूपक, चिठी विधा र अभ्यासखण्डमा रहेको समावेशिताको अध्ययन विश्लेषण गरिएको छ।

### *जातिगत संयोजन*

प्रस्तुत अध्ययनमा पाठ्यपुस्तकको विश्लेषण गर्ने क्रममा जातिगत आधारलाई समावेशिता निर्धारणको एउटा आधारका रूपमा लिइएको छ। नेपालमा वि.सं. २०७८ को जनगणना अनुसार १४२ ओटा जातजातिको बसोबास रहेको छ (केन्द्रीय तथ्याङ्क विभाग, २०७८) । विवेच्य पाठ्यपुस्तकमा रहेका कविता, कथा, निबन्ध, जीवनी, रूपक, चिठी र अभ्यासमा रहेको जातिगत समावेशिताका आधारमा अध्ययन गरिएको छ।

पाठ्यपुस्तकमा समाविष्ट कविता विधामध्ये उज्यालो यात्रा र नेपाली हाम्रो श्रम र सिप कवितामा जातिगत रूपमा तटस्थता देखिए पनि गाउँमाथि एउटा कवितामा 'घिसिङको छानो छाउनु छ' भन्ने कवितांशले निश्चित जातलाई सङ्केत गरेको छ। यद्यपि त्यही कवितांशका आधारमा भाषा शिक्षकले नै अन्य जातिलाई सामान्यीकरण गर्दै समावेशी दृष्टिकोणले शिक्षण गर्न भने सहज हुने देखिन्छ।

कक्षा दशको पाठ्यपुस्तकमा कथा विधाका चारओटा उपविधा समाविष्ट गरिएको छ । पाठ्यक्रम अनुरूप ऐतिहासिक कथाका रूपमा घरझगडा, मनोवैज्ञानिक कथामा शत्रु, सामाजिक कथाका रूपमा कर्तव्य र आयाम रहेका छन् । कथा विधाका पाठहरूमा मानवीय पात्रहरूको प्रयोग भएको छ । ती पात्रहरूलाई जातिगत समावेशिताका आधारमा हेर्दा घरझगडा कथामा क्षेत्रीय र ब्रह्माण वंशका देखिन्छन् । राजपरिवारका सदस्य, राजगुरुको परिचर्चाबाट घरझगडा कथामा विशेषतः दुई जातिलाई समावेश गरिएकाले अन्य जातजातिको उपस्थिति न्यून देखिन्छ । राजेन्द्रलक्ष्मी, रणबहादुर शाह, बहादुर शाहले क्षेत्री जातको प्रतिनिधित्व गर्छन् । गजराज मिश्रले ब्रह्माण समुदायको प्रतिनिधित्व गर्छन् । शत्रु कथामा प्रयुक्त पात्र कृष्ण रायले मधेशी समुदायको प्रतिनिधित्व गर्छन् । जनककुमारी, जनककुमारीको छोराले भने निश्चित रूपमा कुनै पनि जातिविशेषलाई सूचित गर्न सकेको देखिँदैन । लठ्ठी प्रहारपश्चात उनले शत्रुका रूपमा शङ्का गरिएका रामे, केदार, युवक, कन्हैया, मास्टर, बुधे, लीला, पुष्पराज आदिले पनि निश्चित रूपमा कुनै जाति विशेषलाई सूचित गरेको देखिँदैन । कथामा प्रयुक्त सूच्य पात्र गोविन्द पण्डित, रामचन्द्र पराजुलीले कथामा ब्रह्माण समुदायको प्रतिनिधित्व गरेको देखिन्छ । त्यस्तै कर्तव्य कथामा प्रयुक्त पात्रलाई जातिगत आधारमा हेर्दा सम्पूर्ण पात्रहरूले ब्रह्माण समुदायको प्रतिनिधित्व गरेका देखिन्छ । त्यसैगरी सामाजिक कथाका रूपमा रहेको आयाम कथामा जातिगत समावेशितालाई विश्लेषण गर्दा कथाका प्रमुख पात्र याङ्जी सूच्य पात्र सन्तमाया, सानुमाया, सानु तामाङले तामाङ जातिको प्रतिनिधित्व गर्ने देखिए पनि आमा, सुरज, डक्टर दम्पती, छिमेकी काकी आदिको भने जातिगत पहिचान स्पष्ट रूपमा देखिँदैन ।

पाठ्यपुस्तकमा रहेका निबन्ध विधाका पाठहरूमध्ये चिकित्साविज्ञान र आयुर्वेद चिकित्सामा कुनै जाति विशेषको पहिचान हुने किसिमका शब्दहरू रहेको देखिँदैन । मेरो देशको शिक्षा निबन्धमा प्राचीन ऋषिमुनिसँग सम्बद्ध सभ्यता, संस्कृति, पूर्वीय दर्शनका प्रसङ्गमा राजा जनक, याज्ञवल्क्य, गार्गी, मैत्रेयी जस्ता विद्वान तथा विदुषीको सन्दर्भ जोडे पनि निश्चित कुनै जाति विशेषलाई सङ्केत गर्न भने सकेको देखिँदैन । त्यस्तै पख्नोस् निबन्धमा कपुरीकान्त कार्की, कर्किनी, खबटानन्द खतिवडा, खुकुरीराम खत्री, घटसिंह घले, दलाइ लामा, पाण्डेजी, बाटुली बराल्नी, जस्ता पात्रका माध्यमबाट विशेष गरी ब्रह्माण, क्षेत्री, मगर जातिलाई समावेश गरेको देखिन्छ भने जैरे काहिँलो, जङ्गबहादुर, छत्रजङ्ग, जगन्नाथ, गीतादेवी झसविरे, भुँडेकाजी, फर्सीजङ्ग जस्ता पात्रको नाम मात्रले जातिको पहिचान स्पष्ट हुन नसकेको देखिन्छ ।

रूपक विधाअन्तर्गतका उपविधामा राखिएको यस्तो कहिल्यै नहोस् मनोवादमा प्रयुक्त पात्र शुकमान र सूचित पात्र पानमती दुवैको जातिगत पहिचान स्पष्ट नभए पनि नामका आधारमा नेवार समुदायको प्रतिनिधित्व गर्ने अनुमान गर्न सक्ने देखिन्छ । रूपक विधाकै अधिकार ठुलो कि कर्तव्य ठूलो ? वादविवाद पाठमा सहभागी विद्यार्थी तथा पात्रहरूमा रमेश कुर्मी, रामअबोध राय, हरिकला खनाल, सुमन परियार, सामना पन्थी, चिदानन्द चौधरी, भरत भण्डारी, पदम गुप्ता, श्रुति शाह आदिको उपस्थितिले गर्दा जातिगत समावेशिता रहेको देखिन्छ । त्यस्तै रूपक विधाकै अर्को पाठ एकाङ्कीमा प्रयुक्त पात्र लालबहादुर, जमानसिंह, बतासे, कान्छो फेरीवालाको उपस्थितिले निश्चित जातिको सूचना दिएको पाइँदैन । समग्रमा, हेर्दा रूपक विधामा जातिगत समावेशिताको अवस्था सन्तोषजनक नै देखिन्छ ।

विवेच्य पाठ्यपुस्तकमा रहेका राष्ट्रिय जीवनीका रूपमा रहेका लक्ष्मीप्रसाद देवकोटा पाठमा ब्रह्माण जातिलाई नै स्पष्ट रूपमा छनोट गरिएको छ। अन्तर्राष्ट्रिय जीवनी पाब्लो पिकासोले जातिगत तटस्थता बोध गराउँदछ । व्यावहारिक लेखन विधाअन्तर्गत रहेको व्यावसायिक चिठीमा स्पष्ट रूपमा भवदीय उमाकान्त ठाकुर उल्लेख गरिएकाले मधेशी जातिको प्रतिनिधित्व देखिन्छ ।

भाषा शिक्षकहरूका अनुसार सम्पूर्ण जातिलाई पाठमा समेट्न नसके पनि त्यस सम्बन्धी सूचना राख्ने र कथा, एकाङ्कीका पात्रहरूमा प्रतिनिधिमूलक रूपमा जातिलाई समेट्न उपयुक्त देखिन्छ । समग्रमा हेर्दा विवेच्य पाठ्यपुस्तकका सम्पूर्ण विधामा बहुलजातिलाई समावेश गर्न असमर्थ देखिन्छ । यद्यपि कथा विधालाई छनोट गर्दा भने समावेशी सिद्धान्तलाई अवलम्बन गर्नु उपयुक्त हुने विचार अभिव्यक्त भएको पाइन्छ ।

## *धार्मिक र सांस्कृतिक संयोजन*

धर्म मानिसको वृत्ति प्रवृत्ति स्वभावसँग सम्बन्धित रहेकाले यसलाई मानिसभित्रको नियम मान्न सकिन्छ । नेपाली बृहत् शब्दकोश (२०४०) अनुसार 'व्यक्ति वा वस्तुमा सधैँ रहिरहने गुण वा मूल वृत्ति, प्रकृति, स्वभाव, स्वर्ग प्राप्त गर्न सकिने लोक विश्वास भएको पुण्य कार्य, कुनै जाति, वर्ग, पद आदिका निम्ति निर्धारित कार्य वा व्यवहार, लोकको हित वा व्यवस्थाका निम्ति अङ्गालिने कर्म वा कर्तव्य ईश्वर अथवा सद्गतिको प्राप्तिको लागि गरिने शास्त्रनिहित कर्म हो' (पृ. ६८६) । धर्म समाजको व्यवस्थासँगै उत्पन्न लोकव्यवहार हो जुन मानिसको व्यवहारमा आधारित रही संस्थागत बन्न पुग्दछ। धर्म मानिसको वृत्ति प्रवृत्ति स्वभावसँग सम्बन्धित रहेकाले यसलाई मानिसभित्रको नियम मान्न सकिन्छ। यसले व्यक्ति समुदाय हुँदै संस्थागत र सामूहिक बनेर मानवबिचको सामाजिक एकतालाई सुदृढ गर्न मदत गर्दछ भन्ने ठानिन्छ ।

नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक राष्ट्र हो। नेपालको संविधानमा नागरिकको मौलिक हकअन्तर्गत धार्मिक स्वतन्त्रताको हकलाई राखेको छ। "धर्ममा आस्था राख्ने प्रत्येक व्यक्तिलाई आफ्नो आस्थाअनुसार धर्मको अवलम्बन, अभ्यास र संरक्षण गर्ने स्वतन्त्रता हुनेछ"(नेपालको संविधान २०७२) । जातिमा आधारित भई हेर्दा नेपालमा वि.सं. २०७८ को जनगणना अनुसार १४२ ओटा जात जातिको बसोबास रहेको छ (केन्द्रीय तथ्याङ्क विभाग, २०७८) । त्यस्तै माध्यमिक शिक्षा पाठ्यक्रम प्रारूप २०७६ ले सामाजिक सांस्कृतिक विविधतालाई सम्मान गर्ने, कला संस्कृतिको संरक्षण गर्न सक्ने प्रतिबद्ध नागरिक तयार गर्ने उद्देश्य राखेको छ (पृ.४४) । व्यक्तिमा शान्ति, मानव अधिकार, समानता, समावेशिता र सामाजिक न्यायका मान्यताअनुरूपको आचरण विकास गरी समतामूलक, समावेशी न्यायपूर्ण र समाजवादउन्मुख राष्ट्र निर्माणमा मदत गर्न सक्ने नागरिक तयार पार्ने शिक्षाको राष्ट्रिय उद्देश्य हो (माध्यमिक शिक्षा पाठ्यक्रम, २०७८)। यसै परिप्रेक्ष्यमा संविधानले परिकल्पना गरेको र पाठ्यक्रमले अपेक्षा गरेका उद्देश्य पूरा गर्न कक्षा दशको नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट पाठ्यसामग्रीमा समावेशितालाई कस्तो रूपमा सम्बोधन गरिएको छ या छैन भन्ने विषयमा अध्ययन विश्लेषण गरिएको छ ।

विवेच्य पाठ्यपुस्तकमा प्रयुक्त कविता विधाअन्तर्गत रहेको उज्यालो यात्रा कवितामा प्रस्तुत विषयवस्तुबाट कुनै पनि धर्म र संस्कृतिलाई इङगित नगरी समग्र पौरखीलाई समेट्न खोजेको अवस्थामा नेपाली संस्कृतिको झल्को देखिन्छ । त्यस्तै नेपाली हाम्रो श्रम र सिप कवितामा नेपाली भाषा, संस्कृति, कला र साहित्यलाई गौरव मान्दै कवितामा विशेष रूपमा हिन्दु र बौद्ध धर्मग्रन्थको चर्चा गरिएको छ । गाउँमाथि एउटा कविताले नेपालका गाउँहरूको संस्कृति, चालचलन, परम्परा, सामाजिक व्यवहार, कर्मकाण्ड, विश्वास, अन्धविश्वास, रीति कुरीतिलाई प्रस्तुत गरिएको हुनाले धार्मिक रूपमा तटस्थ रहे पनि साझा सांस्कृतिक पक्षलाई भरपुर मात्रामा उपस्थित गराएको देखिन्छ ।

कथा विधाका उपविधाका रूपमा रहेको घरझगडा कथामा प्रयुक्त वाक्यांश ‘यदि यिनले मानवताको साँध नाघेको भए उहिले नै सती जानुपर्ने भासमा फसाइदिन्थे ।’ ले नेपालको इतिहासमा रहेको सतीप्रथालाई बुझाएको छ । राजनीतिक द्वन्द्वलाई प्रस्तुत गरिएको कथामा राजसंस्थामा रहेका पण्डितको प्रसङ्गले हिन्दु परम्परालाई सङ्केत गरिएको देखिन्छ । त्यस्तै शत्रु कथामा नेपालको गाउँ समाजमा चल्ने सामाजिक व्यवहारका साथै मुख्य पात्रको मनोविज्ञानलाई विशेष जोड दिएकाले धार्मिक र सांस्कृतिक पक्षको स्पष्टता देखिदैँन । त्यस्तै कर्तव्य कथामा भने हिन्दु धर्मअनुसारका चाडपर्व, रीतिरिवाज, कर्मकाण्ड, श्राद्ध, किरिया, विवाह जस्ता घटनाक्रमले पूर्णतः हिन्दु धर्म र संस्कृतिजन्य विषय देखिन्छन् । यसमा पारिवारिक तथा सामाजिक माध्यमबाट हिन्दु धर्म र संस्कृतिलाई प्रस्तुत गरिएको छ । त्यस्तै आयाम कथामा एकल महिलाको सामाजिक जीवन पक्षलाई नवीनतम सोच र चिन्तनका साथ अघि बढाइ कलात्मक ढङ्गले प्रस्तुत गरे पनि धर्म र संस्कृतिलाई इङगित गरिएको छैन ।

निबन्ध विधाअन्तर्गत रहेको चिकित्सा विज्ञान र आयुर्वेद चिकित्सामा पूर्वीय सभ्यता र संस्कृतिमा प्रचलित आयुर्वेद, पञ्चकर्म जस्तो विशिष्ट उपचार पद्धतिसम्बन्धी विषयवस्तु समावेश गरिएकाले धर्म संस्कृतिभन्दा माथि पूर्वीय सभ्यतालाई राखिएको देख्न सकिन्छ । पख्नोस् निबन्धमा ‘देवाधिदेवको दैलोमा दण्डवत् गरी पखँदा हुन् (पृ.१७७) भन्ने वाक्यांशले पाठभित्रका विषयलाई हिन्दु धर्म संस्कृतिसँग जोडेर सिकाउन सकिने देखिन्छ ।

विवेच्य पाठ्यपुस्तकका रूपक विधाको उपविधाका रूपमा रहेको यस्तो कहिल्यै नहोस् मनोवादमा आधुनिक तथा प्रविधिले भित्र्याएको साइबर संस्कृतिको विषय उठानले विद्यार्थीहरूलाई विद्यमान साइबर अपराधबाट बच्न र बचाउन सूचित गरेको देखिन्छ भने ‘दुष्टलाई भगवानले पनि सजाय देलान नि ! हे भगवान ! (पृ.१४२) ले धर्मको अस्तित्वसँगै हिन्दु धर्मलाई पक्षपोषण गरेको देखिन्छ । रूपक विधाको उपविधाका रूपमा रहेका वादविवाद अधिकार ठूलो कि कर्तव्य ठूलो ? पाठमा उपनिषद्को सार मानिने गीतामा भनिएको छ “कर्मण्येवाऽधिकारास्ते.....”(पृ.७०) ‘जिउँदै स्वर्ग जाने बेला युधिष्ठिर र उनको साथमा गएको कुकुर मात्र अन्तिम बिन्दुमा पुगेछन्’ भन्ने जस्ता हिन्दु धर्मसँग सम्बन्धित प्रसङ्ग देखिन्छन् । बौद्ध धर्मसँग सम्बन्धित प्रसङ्गमा ‘गौतम बुद्ध पारिवारिक माया र मोहको घेरा नाघेर भिक्षु बने’ जस्ता वाक्यांशले नेपालमा बहुप्रचलित हिन्दु र बौद्ध धर्म संस्कृतिलाई समावेश गरिएको छ भने अन्तर्राष्ट्रिय व्यक्तिको प्रसङ्गबाट अन्तर्राष्ट्रिय संस्कृतिलाई समावेश गरिएको छ । त्यस्तै घरको माया एकाङ्कीमा कुनै निश्चित किसिमको धर्म संस्कृति नभई नेपालीहरूको आर्थिक, सामाजिक अवस्था र देशप्रेमको भावलाई प्रस्तुत गरिएको देखिन्छ ।

जीवनी विधाअन्तर्गत राट्रिय जीवनी लक्ष्मीप्रसाद देवकोटा हिन्दु धर्म सम्प्रदायका व्यक्ति भएको देखिन्छ भने अन्तर्राष्ट्रिय जीवनीमा पाब्लो पिकासो पाठबाट अन्तर्राष्ट्रिय कला र साहित्यसँगै सङ्घर्षमय जीवनकथाबाट भिन्न संस्कृतिबाट पनि मानिस उत्कृष्ट बन्न सक्छ भन्ने उदाहरण प्रस्तुत गर्न सकिन्छ। व्यावहारिक लेखनअन्तर्गतको व्यावसायिक चिठीमा कुनै धर्म संस्कृतिसम्बन्धी विषय नरहेकाले तटस्थ देखिन्छ ।

## *पात्रगत संयोजन*

लिङ्गगत आधारमा सामाजिक, धार्मिक, सांस्कृतिकलगायत राज्यबाट नागरिकलाई प्रदान गरिने सेवा र सुविधामा समेत वञ्चित गराउनु लैङ्गिक बहिष्करण हो (राई,२०७८) । सामाजिक परिवेश, सांस्कृतिक अवस्था तथा सामयिक सन्दर्भहरूबाट निर्धारित महिला र पुरुषको पहिचानलाई नै लैङ्गिकता भनिन्छ (खनाल, २०७५) । विवेच्य पाठ्यपुस्तकका विविध विधामध्ये स्पष्ट रूपमा पात्रहरूको उपस्थित रहेका पाठहरू कथा, एकाङ्की, रूपक रहे पनि कविता, निबन्ध, जीवनी, चिठी आदिमा प्रयुक्त नाम, पात्रको भूमिका कार्यको आधारमा पात्रहरूको लैङ्गिक र जातिगत अवस्थालाई अध्ययन गर्न खोजिएको छ ।

कविता विधाअन्तर्गतको उज्यालो यात्रामा पात्रको प्रयोग कुनै पनि लैङ्गिक पहिचानयुक्त नभई समावेश्य शब्दको प्रयोग देखिन्छ। नेपाली हाम्रो श्रम र सिप कवितामा 'देवता ऋषि मनुष्य मिली वेदान्त गाएको' भन्ने पङ्क्तिले पुरुषको उपस्थितिलाई देखाउँछ । गाउँमाथि एउटा कवितामा प्रयुक्त 'फुलेकी बुढी, माइली, आमा'ले नारीजातिको पहिचान बोकेका छन् भने 'दलविरे, घिसिङ, धामी, छोरो, जिम्दार बुढा' जस्ता पात्रले पुरुष पात्रको उपस्थिति जनाएका छन् । समग्रमा यस कविता विधाका पात्रहरूमा महिला र पुरुष पात्रको उपस्थितिले लैङ्गिक र जातिगत समावेशिता देखिन्छ ।

त्यस्तै घरझगडा कथामा प्रमुख पात्र नै महिला रहेको र उक्त कथामा 'सती, बघिनी, ग्वाँग्री, आइमाई, गरुडनी, महाकाली, सीता, भाउज्यू, व्याधि, नागिनी, महाकाली, महालक्ष्मी, जननी, नारी' जस्ता शब्दले स्त्रीलिङ्गी पहिचान स्पष्ट रूपमा देखिन्छ । कथामा प्रयुक्त पात्रहरूमा 'देवर, बहादुर शाह, वैद्य, रणबहादुर शाह, छोरो, पुत्र, दलजित, भतिज, नाबालाक, गुरु गजराज, रामकृष्ण, राजकुमार, ससुरा, भोज, काका मुञ्ज, व्याधा, लक्ष्मण, हात्ती, गिद्ध, भारदार, चमेरा' जस्ता शब्दले पुरुष जातिको प्रतिनिधित्व गरेको देख्न सकिन्छ । मानवीय र मानवेतर दुवै किसिमका पात्रमा स्त्रीलिङ्गी र पुलिङ्गी पहिचानयुक्त शब्दहरूको स्पष्ट प्रयोग देख्न सकिन्छ । नारीवादी कथा भए पनि पुरुष पात्रको सूचना प्रस्तुत कथामा अधिक देखिन्छ । शत्रु कथामा प्रयुक्त पात्रमध्ये 'जनककुमारी' एकमात्र महिलाको सूचना छ भने 'कृष्ण राय, जनककुमारीको छोरो, भतिजो, रामे, केदार, युवक, गोविन्द पण्डित, कन्हैया, मास्टर, बुधे, लीला, रामचन्द्र पराजुली' जस्ता नामबाट उक्त कथामा प्रयुक्त पात्रले पुरुष जातिको प्रतिनिधित्व गरेको देखिनुले केही मात्रामा जातिगत समावेशिता देखिए पनि लैङ्गिक दृष्टिले समावेशी देखिँदैन । कर्तव्य कथामा प्रयुक्त पात्र 'मुखिया गंगाधर, मुखिया बा, धनवन्तरि, छोरा, मुरलीधर, जेठा, कान्छा, श्रीधर, पण्डित, पिता, ब्रह्माण, बाबु, पण्डित बाजे, न्यायधीश, हुल्लडवाज ठिटा, तरुण तन्नेरी, डिठ्ठाविचारी, शशीधर, पुरोहित, कुलको जेठो सन्तान पिण्डको पानी दाता, भाइ, दुलाहा, ठुलाबा, रघुवंश, दाजुभाइ' जस्ता शब्दको अधिक प्रयोगले गर्दा पुरुषप्रधान समाजलाई प्रस्तुत गरेको देखिन्छ तर

पनि 'छोरी, कमला, भाउज्यू, दुलही, कन्या, बुहारी' जस्ता शब्दले कथामा केही महिला पात्रको उपस्थिति देखाउन खोजेको भए पनि समानता भने देख्न सकिँदैन ।

प्रस्तुत पाठ्यपुस्तकमा निबन्ध विधाअन्तर्गत रहेको उपविधा चिकित्सा विज्ञान र आयुर्वेद चिकित्सा पाठमा विषयवस्तुको सङ्गठित स्वरूपलाई वस्तुपरक ढङ्गले प्रस्तुत गरिएको छ । समावेश्य शब्दको प्रयोग देखिए पनि पात्रहरू प्रयोग नहुँदा समावेशिताका दृष्टिले तटस्थ रहेको देखिन्छ । त्यस्तै मेरो देशको शिक्षा निबन्धमा प्रयुक्त 'मानव, म, मेरो, मानिस, हामी' विद्यार्थी जस्ता पात्र समावेशी दृष्टिले तटस्थ देखिन्छन् । 'ऋषिमुनि, वेदव्यास, राजा जनक, याज्ञबल्क्य, विद्वान्, सिद्धार्थ गौतम, फाल्गुनानन्द, राइट दाजुभाइ, न्युटन जस्ता शब्दले पुरुषको पहिचान दिन सफल देखिन्छन् । गार्गी, मैत्रेयी, विदुषी शब्दले महिलाको पहिचान दिन सफल देखिन्छन् । त्यस्तै पख्नोस् निबन्धमा कपुरीकान्त कार्की, कर्किनी, खबटानन्द खतिवडा, खुकुरीराम खत्री, घटसिंह घले, दलाइ लामा, पाण्डेजी, बाटुली बराल्नी, जस्ता पात्रका माध्यमबाट विशेष गरी ब्रह्माण, क्षेत्री, मगर, जैरे काहिँलो, जङ्गबहादुर, छत्रजङ्ग, जगन्नाथ, गीतादेवी झसविरे, भुँडेकाजी, फर्सीजङ्ग जस्ता पात्रको प्रयोगले लिङ्गगत, जातिगत समोवशिता देखिन्छ ।

विवेच्य पाठ्यपुस्तकमा समाविष्ट दुवै जीवनी विधाका व्यक्तित्व पुरुष लिइएको छ । राष्ट्रिय जीवनीमा लक्ष्मीप्रसाद देवकोटा र अन्तर्राष्ट्रिय जीवनीमा पाब्लो पिकासो रहेको छ । यसरी पुरुषको मात्र प्रतिनिधित्व हुने गरी जीवनी छनोट गर्नुले जीवनीमा राख्न योग्य महिला राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कला साहित्यमा अभावै हो त भन्ने प्रश्न खडा हुन्छ । पाठ्यपुस्तकमा समाविष्ट व्यावहारिक लेखन विधाले व्यावसायिक चिठी पाठमा प्रयुक्त उमाकान्त ठाकुरले पुरुषको चिनारी दिएको देखिन्छ ।

भाषा शिक्षकहरूका मतमा विवेच्य पाठ्यपुस्तकका पात्रहरूको प्रयोगगत आधारलाई दृष्टिगत गर्दा लेखकद्वारा लेखिएका केही पाठहरूमा समावेशितालाई तटस्थ रूपमा राखिएको देखिन्छ । कतिपय नारीवादी दृष्टिकोणसहित राखिएका ऐतिहासिक, सामाजिक कथामा समेत कथाको विषयवस्तु पुरुषको कार्य र व्यवहारमा आधारित देखिनु तथा वर्तमान समयमा अस्तित्वमा देखिएका यौनिक अल्पसङ्ख्यकलाई पनि पाठमा सूचित नगरिनुले लैङ्गिक समावेशी बन्न नसकेको निष्कर्ष निकालेका छन् ।

### *चित्रगत संयोजन*

पाठ्यपुस्तकमा चित्रको महत्त्वपूर्ण भूमिका रहन्छ । विद्यार्थीहरूमा विशेष नवीन विषयवस्तु वा दृश्यावलीहरू सम्बन्धी धारणा बसाल्न, सूक्ष्म दृष्टिकोण वृद्धि गर्दै वर्णनात्मक तथा अनुकरणात्मक सिप विकास गर्न चित्रले प्रभावकारी भूमिका खेलेको हुन्छ (शर्मा र पौडेल, २०६०, पृ.३६४)। चित्रहरूले विशेष गरी विद्यार्थीमा धारणा बसाल्ने हुँदा विषयको प्रकृतिअनुरूपका चित्र प्रयोग गरिनु उपयुक्त मानिन्छ । चित्रहरू जीवन जगतका विविध पक्षका वस्तु एवम् वातावरणका प्रतिनिधि हुन् (अधिकारी, २०५९) । पाठ्यपुस्तकका सम्पूर्ण पाठहरूमा चित्रहरूको व्यवस्था नभएकाले चित्रलाई विधागत रूपमा नभई पाठगत रूपमा विश्लेषण गरिएको छ ।

कक्षा दशको पाठ्ययपुस्तकको आवरण पृष्ठमा प्रयुक्त चित्रले कला संस्कृति, पूर्वीय सभ्यता र प्रविधिको उपयोगलाई सङ्केत गरेको देखिन्छ । उक्त चित्रमा ऋषि र बालक देखिएका छन् भने एक जना

महिला ल्यापटपमा देखिनुले शिक्षालाई प्रविधिसँग जोडेको देखिन्छ । यद्यपि समावेशिताको सङ्केत गर्न भने सकेको छैन । पाठ एक उज्यालो यात्रा कवितामा प्रयुक्त चित्रमा बालक र बालिका देखाइएकाले लैङ्गिक दृष्टिले समावेशी देखिन्छ । पाठ दुई घर झगडा कथाका चित्रमा पनि लैङ्गिक समानता देख्न सकिन्छ । पाठ तीन चिकित्साविज्ञान र आयुर्वेद चिकित्सामा बालिका, महिला र बिरामी पुरुष देख्न सकिन्छ । पाठ पाँच लक्ष्मीप्रसाद देवकोटा राष्ट्रिय जीवनीमा महाकवि तथा साहित्यकार देवकोटाको तस्विर र कृतिका तस्विर रहेका छन् । पाठ छ अधिकार ठूलो कि कर्तव्य ठूलो ? वादविवाद पाठमा छ जना पुरुष तथा नौ जना महिलाको उपस्थितिले समावेशिताको स्थितिमा महिलाको बाहुल्यता देखिन्छ ।

पाठ सात शत्रु कथामा पुरुषको उपस्थितिले महिलाको शून्य अवस्था देखिन्छ । पाठ आठ नेपाली हाम्रो श्रम र सिप कवितामा प्रयुक्त चित्रमा महिला तथा पुरुषको समानता देखिन्छ । पाठ नौ मेरो देशको शिक्षा निबन्ध पाठमा रहेको चित्रमा देखाइएका बालबालिकामा, महिला, पुरुष र अपाङ्गता भएका समेतलाई देखाइएकाले समावेशीका दृष्टिकोणले उपयुक्त मान्न सकिन्छ । पाठ एघार कर्तव्य कथामा पिँढीमा सुतेका पुरुष, आँगनमा उभिएका महिला, पुरुष र बालकले पारिवारिक संरचनाभित्रको समावेशितालाई सङ्केत गरेको देखिन्छ । पाठ बाह्र पाब्लो पिकासो अन्तर्राष्ट्रिय जीवनीमा रहेका पिकासोको तस्विरले पुरुषलाई सङ्केत गर्दछ भने उनका चित्रकलामा बालक र महिला, युवती र युवक देख्न सकिन्छ । यी चित्रहरू लैङ्गिक दृष्टिले समावेशी देखिन्छ । चौथो चित्रमा भने मानवीय तथा मानवेतर पात्रको प्रयोगसँगै अमूर्त चित्रकलाका कारण समावेशिता आँकलन गर्न सकिने देखिन्छन् ।

पाठ तेह्र पख्नोस् निबन्धमा राखिएको चित्रमा दुईजना पुरुष मात्रको उपस्थितिले समावेशिता देखिँदैन । उक्त पाठको अभ्यास खण्डमा राखिएको चित्रमा सम्पूर्ण जात,उमेर, लिङ्गलाई समावेश गरिएको देखिन्छ । पाठ चौध घरको माया एकाङ्कीमा भने पाठमा प्रयुक्त पात्रहरूको वर्णन गरिएबमोजिम लैङ्गिक उपस्थिति देखिँदैन भने पोसाक पनि वर्णन गरिएबमोजिम रहेको छैन । त्यसैले यस चित्रले समावेशिता मात्र नभएर विषयवस्तुप्रतिको धारणा निर्माणमा नै अन्योलता सिर्जना गर्न सक्ने देखिन्छ । यद्यपि चित्रमा महिला र पुरुषको सङ्ख्या मिलाउन खोजिएको छ । यसो गर्दा चित्र र विषयको धारणाको बेमेल देखिएको छ । यसै पाठको अभ्यास खण्डमा राखिएको चित्रमा पुरुषको सङ्ख्या पाँच र महिलाको सङ्ख्या चार रहेको छ भने उक्त चित्रमा चित्रित मानिसहरूको पोसाकका आधारमा जातिगत तथा लिङ्गगत समावेशिताको स्थिति रहेको देखिन्छ । पाठ पन्ध्र गाउँमाथि एउटा कविता मा राखिएको चित्रमा विषयवस्तुका दृष्टिले ग्रामीण सभ्यता र संस्कृतिलाई सङ्केत गरिएको देखिए पनि सङ्ख्यात्मक रूपमा महिलाको उपस्थिति बढी देखाएको छ । यसमा अन्य पाठमा भन्दा फरक किसिमका पहिचान बोकेका महिला रहेकाले यसबाट जातिगत समावेशिता आँकलन गर्न सकिन्छ । पाठ सोह्र आयाम कथामा प्रयुक्त चित्रमा भित्तामा टाँगिएको तस्विर पुरुषको रहेको र दुईजना महिलाको उपस्थितिले महिलाको बाहुल्यताको सङ्केत गर्दछ भने उमेरगत रूपमा युवती र वयस्क महिलाको सङ्केत यस चित्रले गरेको देखिन्छ ।

समग्रमा हेर्दा यस पाठ्यपुस्तकमा लैङ्गिक, जातिगत, उमेरगत समावेशितासँगै फरक क्षमता भएकालाई समेत समावेश गर्न खोजेको पाइन्छ । यद्यपि लैङ्गिक समावेशीलाई ध्यान दिँदा कुनै पाठमा विषयसँग मेल नखाएको अवस्था बाहेक समावेशी अवधारणालाई आत्मसात गर्ने प्रयास गरेको पाइन्छ ।

### *भाषागत संयोजन*

पाठ्यपुस्तकभित्र रहेका भाषिक संरचनाले विषयवस्तुलाई बोध गराउनुका साथै विद्यार्थीहरूमा धारणा निर्माण गर्न सघाउ पुऱ्याउँछन् । पाठ्यपुस्तकहरूमा समावेश भाषा सिकाइको मात्रा र गुणस्तरले विद्यार्थीहरूको भाषा अधिग्रहण र विकासमा सकारात्मक वा नकारात्मक प्रभाव पार्न सक्दछ (डोन्जेली सन् २००७) । भाषाको खास विषय भाषिक सिप भए पनि ती भाषिक सिप विकासका लागि विषयवस्तु आवश्यक हुन्छन् (अधिकारी, २०५९) त्यसैले भाषिक सिप विकासको लक्ष्य राखेर निर्माण गरिएका भाषा पाठ्यपुस्तकमा भाषाले महत्त्वपूर्ण स्थान ओगटेको हुन्छ । भाषा पाठ्यपुस्तकमा समाविष्ट विधा अनुकूलका भाषिक प्रयोग पाठ्यपुस्तकमा रहन्छ । "पाठ्यपुस्तकभित्र रहेका भाषिक संरचनाको समग्र स्तर नै भाषा हो" (शर्मा र पौडेल, २०६०) । भाषाको अध्ययनका क्रममा पाठ्यपुस्तकमा प्रयुक्त भाषालाई समावेशी दृष्टिले हेर्ने प्रयास गरिएको छ ।

भाषा विचार विनिमयको माध्यम भएकाले लैङ्गिक र भाषाबिच सम्बन्ध हुनु आवश्यक छ । भाषाविनाको लैङ्गिक पहिचान निर्माण हुन नसक्ने हुनाले भाषाकै माध्यमबाट लै लैङ्गिक पहिचान हुन सक्ने मान्यता राखेको देखिन्छ । भाषाले नै समाजमा पुरुष प्रधान तथा महिला गौण स्थानमा रहेको कुरा प्रतिबिम्बित तथा सञ्चार गर्दछ (खनाल, २०७५) । विवेच्य पाठ्यपुस्तकमा समाविष्ट अधिकांश पाठहरूमा भाषाबाट लैङ्गिक पहिचान हुने भाषिक संरचना नदेखिए पनि कतिपय पाठहरूमा भने पुरुषसत्तात्मक समाजको प्रतिनिधित्व हुने गरी विषयवस्तु आएका छन् ।

पुरुषसत्तात्मक समाजमा महिलाले आफ्नो अस्तित्व रक्षार्थ दिएको प्रतिकारपूर्ण भाषिक अभिव्यक्तिबाट स्पष्ट हुन्छ 'कमलपित्तको दृष्टिले आइमाई भनेर तपाईंले हेप्नुभएको होला तर यो तपाईंको भुल हो' (पृ. १४) घरझगडा कथामा प्रयुक्त भाषामा लैङ्गिकता स्पष्ट रूपमा देखिन्छ । जस्तैः गरेकी, नपाएकी, बनिसकेकी, कस्ती, सोझी, जस्ता शब्दले स्त्रीलिङ्गी पहिचान सिर्जना गरेको देखिन्छ । त्यस्तै कर्तव्य कथामा पुरुषसत्तात्मक समाजको चित्रण देखिन्छ । कथामा प्रयुक्त पात्र गङ्गाधरका आफ्ना दुई छोरी हुँदाहुँदै पनि भाइको सन्तानलाई 'कुलको जेठो सन्तान, मेरो पिण्डपानीको दाता' (पृ. १४६) भन्नुले छोरा अथवा पुरुषलाई नै सामाजिक मान्यता दिएको भाषिक संरचनाले लैङ्गिक विभेदको स्थिति देखाएको छ । त्यस्तै 'खाऊन्, आखिरमा त मेरो खाने पनि यिनै हुन् । मरेपछि खानुपर्थ्यो जिउँदैमा खाए' (पृ. १४६) ले अप्रत्यक्ष महिला माथि विभेद मात्र होइन संवैधानिक अधिकारसमेत हनन हुने देखाएको छ । आयाम कथामा नारी पात्रको बाहुल्यता देखिन्छ भने 'मुखाकृतिकी, ओढेकी (पृ. २१८) कमलकी, राखेकी, युवती, लगाएकी, दिएकी, (पृ. २२०) आएकी थिइन्, वर्षकी, भएकी, भनेकी, मेरी साथी हिँडेकी रहिछिन, उनी, मिस, देखिन्थिन्' (पृ. २२२) जस्ता लैङ्गिक पहिचानयुक्त शब्द प्रयोग भएका छन् । 'पहिले हामीसँग ज्यामी काम गारेका उसले राम्रो घरभित्र काम गरेको मोइले थाहा पायो । त्यस्तै घर पायो भने मो नि गार्छु ।' (पृ. १२२) जस्ता तामाङभाषीको नेपाली भाषिक व्यवहारलाई जनाएको छ । यस दृष्टिले पात्रगत समावेशितासँग भिन्न नेपाली मातृभाषीको बोलीलाई स्थान दिइएको देखिन्छ । यही पाठमा प्रयुक्त ' तिमी मेरो बुहारी नै रहन्थ्यौ । अहिले तिमी मेरो छोरी हौ ।' भन्ने वाक्यमा व्याकरणिक रूपले विचलन देख्न सकिन्छ ।

निबन्ध विधाअन्तर्गत पख्नोस् निबन्धमा लैङ्गिक पहिचान दिने किसिमका भाषिक प्रयोग देख्न सकिन्छ । 'रक्तकाली प्रकट भइसकेकी छिन' (पृ. १७६) 'माइत गएकी कर्किनी, गाना सुन्न गएकी गीतादेवी, सुश्री नाकथोप्ली, बाटुली बराल्नी, पखँदी, तपाईंकी श्रीमतीज्यू पर्खिरहेकी' (पृ. १७८) जस्ता पद तथा पदावली रहेका छन् । त्यस्तै घरको माया एकाङ्कीमा प्रयुक्त शब्द 'गाउँकी, एउटी, जेठी, कान्छी, जस्ती देखिन्थिन्' (पृ. १९१), रुँदी, सुतिरा'की, आइहाल्छिन्, चल्न सकेकी छैनन्, कस्ती, अग्ली, देखिएकी, भएकी, होली, आएकी, दिदी (पृ. १९५) जस्ता पदले महिलाको लागि प्रयुक्त भाषाको सङ्केत गर्छन् । यद्यपि यस पाठ्यपुस्तकमा समाविष्ट आख्यानात्मक पाठहरूमा लैङ्गिक पहिचानयुक्त भाषिक प्रयोग देखिन्छ । अन्य पाठहरूमा लेखकद्वारा भाषामा लिङ्गगत, जातिगत तटस्थता कायम राखी भाषाको मानक स्वरूपलाई प्रयोग गरेकाले समग्रमा पाठ्यपुस्तकको भाषा उपयुक्त देखिन्छ ।

भाषा शिक्षकहरूका मतमा प्रस्तुत पाठ्यपुस्तकमा प्रयुक्त भाषामा केही संरचनाहरू जटिल रहेको र विद्यार्थीले सिकाइमा अरूचि लिने गरेको देखिन्छ । कतिपय पाठहरूमा रहेका शब्दहरूले लैङ्गिक, जातिगत पहिचान दिए पनि महिला र पुरुष भनेर परिचित गराउँदा अन्य लिङ्गका विद्यार्थी तथा सरोकारवाला पक्षलाई समेट्न असमर्थ रहेको प्रतिक्रिया पाइयो । त्यसैले भाषागत समावेशितालाई आधार मान्दा पाठ्यपुस्तकमा प्रयुक्त भाषाले विद्यार्थीहरूमा प्रत्यक्ष प्रभाव पार्ने हुँदा भाषिक प्रयोग महत्त्वपूर्ण मानिन्छ । विवेच्य विषयवस्तुमा भाषिक तटस्थतासँगै आख्यानात्मक विधामा प्रयुक्त भाषाले महिलाको अस्तित्व र अधिकारमा नै प्रश्न खडा गरेको देखिन्छ ।

### *अभ्यासगत संयोजन*

भाषाको प्रकार्यात्मक अथवा सम्प्रेषणात्मक उपयुक्तता सान्दर्भिकतासम्बन्धी ज्ञान र सिप अभ्यासबाटै प्राप्त हुने र सबल हुने हुनाले त्यसको उपयुक्त नमुना पाठ्यपुस्तकले निर्देश गर्न सक्नुपर्छ (शर्मा र पौडेल, २०६०) पाठ्यपुस्तकमा रहेका अभ्यासकै माध्यमबाट विद्यार्थीहरूले भाषिक सिप अभिवृद्धिको लागि कार्यकलाप गर्ने हुनाले त्यसमा पनि समावेशी दृष्टिकोणको आवश्यकता पर्छ । प्रस्तुत पाठ्यपुस्तकमा समाविष्ट अभ्यास खण्डलाई यहाँ अध्ययन गरिन्छ ।

पाठ एक उज्यालो यात्राका बोध र अभिव्यक्तिअन्तर्गतको प्रश्न न.१५ मा पूर्वीय सभ्यतासँग जोडिएको गुरुकुल शिक्षा परम्परा प्रस्तुत गरिएको छ । उक्त अनुच्छेदमा प्रस्तुत विषयमा गुरु शिष्यको सम्बन्धले कुनै पनि धर्म संस्कृतिभित्रका विविधतालाई भाषिक सिप सिकाइको साधन मान्न सकिने देखिन्छ । अभ्यासको प्रश्न न. १६ मा भाषागत तटस्थता (धर्म संस्कृतिगत ) देखिन्छ । पाठ दुईको बोध र अभिव्यक्ति अन्तर्गत प्रश्न न.१३ मा प्रस्तुत अनुच्छेदमा पनि तटस्थता देखिन्छ । प्रश्न न. १४ मा दिइएको भाषिक संरचनामा लैङ्गिक समानता देखिन्छ । पाठ तीनको बोध र अभिव्यक्तिको प्रश्न न.१३ र १४ मा उत्पादनको बारेमा निर्माण गरिएका अभ्यासमा पनि भाषिक तटस्थता देखिन्छ ।

विवेच्य पाठ्यपुस्तकमा व्याकरणिक पाठ तथा अभ्यासलाई छोडेर बोध तथा अभिव्यक्तिका अभ्यासलाई दृष्टिगत गर्दा लेखकहरूद्वारा तटस्थता कायम राख्ने प्रयास गरेको देखिन्छ भने कतिपय अभ्यासमा लैङ्गिक समावेशितालाई निर्वाह गर्ने प्रयास पनि पाइन्छ । अभ्यास खण्डमा रहेका प्रश्नमा

नेपालमा रहेका मातृभाषाको जानकारी दिइनु, सोलुका डोल्मा, सिराहाका रामलखन, भन्ने प्रसङ्गबाट मुख्य पाठमा समेट्न नसकिएका पक्षलाई अभ्यासमा समेट्ने प्रयास गरिएको देखिन्छ ।

अभ्यासका सन्दर्भमा भाषा शिक्षकका अनुसार अझै पनि भाषा शिक्षणलाई कार्यकलापमुखी बनाउन, विद्यार्थीहरूलाई अभ्यासकेन्द्रित बनाउन, कठिन रहेको मूल पाठमा जोड दिने बानीले अभ्यासप्रति संवेदनशील बनाउन नसकिएको प्रतिक्रिया पाइयो । पाठ्यपुस्तकमा समाविष्ट अभ्यास रूचिपूर्ण खँदिला रहेका भए पनि विद्यार्थीलाई सक्रिय सहभागी गराउन नसकिएको प्रतिक्रिया पाइयो । अभ्यास खण्डमा समावेशी अवधारणालाई पालन गर्न खोजेको देखिन्छ । समग्रमा हेर्दा मूल पाठका तुलनामा अभ्यास खण्डमा समावेशिताको प्रभाव रहे पनि प्रस्तुत पाठ्यपुस्तक मूल रूपमा पुरुषसत्तात्मक समाज, संस्कृति र प्रभावबाट प्रेरित देखिन्छ ।

### *अन्तरसांस्कृतिक घुलनशीलता*

कक्षाकोठाभित्र एउटा सिङ्गो समाज रहेको हुन्छ । फरक धर्म संस्कृति, जाति तथा भाषासम्बद्ध विद्यार्थीहरूको उपस्थितिले एउटा समुदाय निर्माण भएको हुन्छ । त्यस्ता भिन्न धर्म तथा सांस्कृतिक पहिचानयुक्त विद्यार्थीहरूका बिचमा भाषा शिक्षण गर्नुपर्ने हुन्छ । भाषा पाठ्यपुस्तकमा समाविष्ट विषयवस्तुका माध्यमबाट भाषिक अन्तर्क्रिया गराउन सकिन्छ । सिकाइ सामाजिक, अन्तरमनोवैज्ञानिक क्षेत्रभित्र हुन्छ र नयाँ ज्ञान बन्छ (भिगोत्स्की, सन् १९७८) । सिकारुले मातृभाषा र संस्कृतिबिचको, लक्ष्य भाषा र संस्कृतिबिच, अघिल्लो सिकाइ र नयाँ सिकाइका बिचबाट सामाजिक अन्तरक्रियाका अनुभवहरू प्राप्त गर्दछ । अन्तरसांस्कृतिक बहुविध आयामहरूको माध्यमबाट पाठ्यसामग्रीमा अन्तरसांस्कृतिक दृष्टिकोणलाई अवलम्बन गर्दै जाँदा समाजका विभिन्न तह र वर्गमा रहेका व्यक्तिहरूका संस्कृतिको सम्मान गर्न सक्ने र त्यसका विषयबाट संज्ञानात्मक क्षेत्र अभिवृद्धि गर्ने क्षमता वृद्धि हुन सक्दछ (स्मिथ, सन् २०१७) । पाठ्यपुस्तकमा समाविष्ट पाठ्यसामग्रीहरू कथा, कविता, निबन्ध, जीवनी, रूपक तथा चिठी विधाका विषयवस्तुका माध्यमबाट सिकारूमा विशेषतः सुनाइ र बोलाइ सिप विकासमा मदत पुग्दछ ।

विवेच्य पाठ्यपुस्तकमा समाविष्ट कविता विधाअन्तर्गत रहेका नेपाली हाम्रो श्रम र सिप तथा गाउँमाथि एउटा कविताले नेपालका ग्रामीण समाजमा रहेका विविध संस्कृतिबारे अन्तरक्रिया गराउन सक्ने गरी विषयवस्तु प्रदान गर्दछ । कविता विधाअन्तर्गतकै उज्यालो यात्रा कविताको अभ्यास खण्डमा रहेको प्रश्न नं. १५ मा रहेको बोधको अनुच्छेदबाट परापूर्वकालमा प्रचलनमा रहेका गुरुकुल, गुम्बा, मदरसा शिक्षालाई अन्तरसांस्कृतिक रूपमा सिकाउन सकिन्छ । विद्यार्थीहरूले भाषिक संरचनागत ज्ञान तथा सिपका साथै एक आपसका संस्कृतिसँग घुलमिल भएर नयाँ संस्कृति सिक्ने अवसर प्राप्त गर्छन् । त्यस्तै कथा विधाअन्तर्गतको कर्तव्य कथाबाट विवाह, किरिया, जस्ता कर्मकाण्डका प्रसङ्गबाट भिन्न समुदाय र संस्कृतिका रीतिरिवाजहरू सिकाउन सकिने देखिन्छ । त्यस्तै आयाम कथाामा प्रयुक्त आख्यानबाट भिन्न भिन्न जात जातिमा रहेका फरक परम्परा र संस्कृतिलाई पहिचान गराउन सकिन्छ । त्यस्तै शत्रु कथाको अभ्यास १६ मा रहेको अनुच्छेदबाट भिन्न संस्कृति सिकाउन सकिन्छ । यस पाठ्यपुस्तकमा रहेका मूल पाठ तथा अभ्यासमा रहेका विविधतापूर्ण अवस्थालाई सम्बोधन गर्ने गरी सिकाइ सहजीकरण गर्न सकिन्छ ।

नेपालमा रहेका सम्पूर्ण जातजाति, भाषाभाषी र धर्म संस्कृतिलाई पाठ्यपुस्तकमा समेट्न नसकिए पनि विषयवस्तुहरूलाई एक अर्को संस्कृति सम्प्रेषणको माध्यम तुल्याउन सक्ने देखिन्छ। पाठ्यपुस्तकमा समावेशी अवधारणा अनुरूपका विषयवस्तु समावेश गर्दा भाषा पाठ्यपुस्तकको मूल भाषिक सिप सुनाइ, बोलाइ, पढाइ र लेखाइलाई केन्द्रीकृत गरी विषयवस्तु राख्ने प्रयास गरेको देखिन्छ ।

## निष्कर्ष

विद्यार्थीहरूमा भाषिक सिप विकास तथा विषयवस्तुप्रति धारणा निर्माण गर्न पाठयपुस्तक महत्त्वपूर्ण सामग्रीका रूपमा रहेको हुन्छ । वर्तमान नेपाली पाठ्यपुस्तकले पनि सिर्जनशील, कल्पनाशील, उद्यमशील एवम् उच्च सोच र आदर्शमा आधारित वर्तमान व्यावहार गर्ने, समसामयिक चुनौतीहरूको व्यवस्थापन गर्ने विशेषताले युक्त स्वावलम्बी देशभक्त, परिवर्तनमुखी, चिन्तनशील एवम समावेशी समाज निर्माणमा योगदान सक्ने गर्ने नागरिक र तयार गर्ने उद्देश्यले निर्माण गरिएको पाठ्यपुस्तकमा समाविष्ट विषयवस्तुलाई समावेशिताकाा पाँच ओटा सूचकहरूमा आधारित भई अध्ययन विश्लेषण गरिएको छ । पाठ्यपुस्तकको अध्ययनको क्रममा समाविष्ट विषयवस्तुलाई जातिगत समावेशिताका आधारमा हेर्दा कविता, कथा, निबन्ध, जीवनी, रूपक, चिठी विधाका पाठहरूमा ब्रह्माण, क्षेत्री, मधेसी, तामाङ समावेश गर्ने प्रयास गरिए पनि धेरै पाठमा ब्रह्माण क्षेत्रीकै उपस्थिति देखिन्छ। पात्र प्रयोगगत तथा लिङ्गगत आधारमा समावेशिताको अध्ययनका क्रममा पाठ्यपुस्तक लेखकद्वारा लेखिएका पाठमा लिङ्गगत समावेशिता देखिए पनि कथा तथा एकाङ्कीका पाठमा पुरुष जातिको बाहुल्य र प्रभाव देखिन्छ। जीवनी विधामा पनि दुवै पुरुषको जीवनी चयन गर्नुले समावेशितालाई अवलम्बन गर्न नसकिएको देखिन्छ । पाठ्यसामग्रीहरूमा यौनिक अल्पसङ्ख्यकका विषयमा पनि विषयवस्तु मौन देखिन्छ । धर्म र संस्कृतिमा आधारित रही विषयवस्तुलाई अध्ययन गर्दा पूर्वीय सभ्यता र संस्कृतिलाई समावेश मूलतः हिन्दु र अंशतः बौद्ध धर्म, किराँत सभ्यतासमेतको उपस्थिति देखिन्छ । जुन नेपालमा रहेका धार्मिक समुदायका आधारमा उपयुक्त नै देखिन्छ।

भाषागत समावेशितालाई आधार मान्दा पाठ्यपुस्तकमा प्रयुक्त भाषाले विद्यार्थीहरूमा प्रत्यक्ष प्रभाव पार्ने हुँदा भाषिक प्रयोग महत्त्वपूर्ण मानिन्छ। विवेच्य विषयवस्तुमा भाषिक तटस्थतासँगै आख्यानात्मक विधामा प्रयुक्त वाक्यले महिलाको अस्तित्व र अधिकारमा नै प्रश्न खडा गरेको देखिन्छ । चित्रहरूका माध्यमले विषयवस्तुप्रति धारणा निर्माण गर्न मदत पुऱ्याउँछ । पाठ्यपुस्तकमा आवरण पृष्ठ, सम्पूर्ण पाठ तथा अभ्यासहरूमा गरी जम्मा २५ ओटा चित्रहरू राखिएको देखिन्छ । यस्ता चित्रहरूमा सूचना प्रविधि, समाज, सामुदायिक कार्य, शिक्षा, कला संस्कृतिसम्बद्ध धारणा निर्माण गर्ने किसिमका देखिन्छन्। चित्रमा जातीय तथा लैङ्गिक समानता देखिए पनि घरको माया एकाङ्कीमा प्रयुक्त चित्रमा चित्र र विषयका बिचमा बेमेल सिर्जना भएको देखिन्छ । अभ्यास खण्डमा समावेशी अवधारणालाई केही हदसम्म पालन गरिएको देखिन्छ । समग्रमा हेर्दा मूल पाठका तुलनामा अभ्यास खण्डमा समावेशिता देख्न सकिन्छ। प्रस्तुत पाठ्यपुस्तकमा नेपालमा रहेका सम्पूर्ण जातजाति, भाषाभाषी र धर्म संस्कृतिलाई समेट्न नसकिए पनि समावेशिताका दृष्टिले फरक संस्कृतिको प्रसङ्गको उपस्थितिले केही हदसम्म समावेशितालाई अपनाएको देखिन्छ ।

## सन्दर्भसामग्री

अधिकारी, हेमाङ्गराज (२०५९), *नेपाली भाषा शिक्षण,* विद्यार्थी पुस्तक भण्डार ।

आचार्य, लक्ष्मी (सन् २०२३), समावेशी दृष्टिले बहुभाषिक कक्षाकोठा व्यवस्थापन र शिक्षणकला, *एसएनआरपी जर्नल,* ४(१), पृ.१२८-१३९। https://doi.org/10.3126/snprcj.v4i1.61709

आचार्य, लक्ष्मी (२०८१), नेपाली भाषा पाठ्यपुस्तकमा विषयवस्तुको समावेशिता, *विकासका निम्ति शिक्षा,* २७(१), १०३-११६, https://doi.org/10.3126/bns.v27i1.66455

काफ्ले, उमेश (सन् २०२०), कक्षा दशको नेपाली भाषा पाठ्यपुस्तकमा बोलाइ सिपको अभ्यास, *इन्टरडिसिप्लिनरी रिसर्च इन एजुकेसन,* ५(१-२), १४५-१५८, https://doi.org/10.3126/ire.v5i1-2.34745

कार्की, टेकेन्द्रबहादुर र ढुङ्गेल दिवाकर (अनु.) (सन् २०१४), *सबैका लागि शिक्षाको विश्वव्यापी अनुगमन प्रतिवेदन,* २०१३/१४, युनेस्को ।

खनाल, राजेन्द्र (२०७५), *लैङ्गिक समालोचना सिद्धान्त र प्रयोग,* सनलाइट पब्लिकेसन ।

घिमिरे, दिनेश (२०७६), *ऐतिहासिक र वर्तमान परिप्रेक्ष्यमा नेपाली भाषा पाठ्यपुस्तक,* अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, कीर्तिपुर ।

ढुङ्गाना, बाबुराम (२०७९), विद्यालय तहको पाठ्यपुस्तक लेखनः सिद्धान्त र व्यवहार, प्रशासन एक्सक्लुसिभ, १३ मंसिर ।

पाठ्यक्रम विकास केन्द्र (२०८०), *नेपाली कक्षा १०,* www.moecdc.gov.np ।

पाठ्यक्रम विकास केन्द्र (२०७६), *विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप,* www.moecdc.gov.np

पाठ्यक्रम विकास केन्द्र (२०७८), *माध्यमिक शिक्षा (कक्षा ९ र १०) पाठ्यक्रम,* २०७८, www.moecdc.gov.np

पाठ्यक्रम विकास केन्द्र (२०८०), *नेपाली कक्षा १०,* www.moecdc.gov.np

पौडेल, माधवप्रसाद (२०६७), *भाषा पाठ्यक्रम, पाठ्यपुस्तक सामग्री तथा शिक्षण पद्धति,* विद्यार्थी पुस्तक भण्डार ।

पोखरेल, बालकृष्ण र अन्य (सम्पा.) (२०४०), *नेपाली बृहत् शब्दकोश,* २०४०, नेपाल प्रज्ञा प्रतिष्ठान

नेपाल सरकार (२०७८), *केन्द्रीय तथ्याङ्क विभाग, २०७८ प्रतिवेदन,* www.cso.gov.np ।

शर्मा, केदारप्रसाद र पौडेल, माधवप्रसाद (२०६०), *नेपाली भाषा र साहित्य-शिक्षण,* न्युहिरा बुक्स इन्टरप्राइजेज ।

Denzin, N. K. & Lincoin, Y. S. (2018). The Discipline and practice of qualitative research in N. K. Denzin & Y. S. Lincoin (eds.), *The sage handbook of qualitative research* (5th. ed.). Sage.

Donzelli, G. (2007). Foreign language learners: Words they hear and words they learn. A case study.in R.C.Beltran(ed.) *Estudios de Linguistica Inglesa Aplicada* (ELIA). 7,103-25.

Smith L. A.(2017). *Intercultural competence in higher education.* Routledge.

Vygotsky, L. S. (1978). *Mind in society*. Harvard University Press.

Weninger, C.& Kiss,T.(2015). Analyzing culture in foreign/second language textbooks, *Language ideology and education the politics of textbooks in language education,* Routledge.